# द्विपक्षीय आदानप्रदानहरू



## बैंककमा आयोजित बिमस्टेक शिखर सम्मेलनको साइडलाइनमा भारतका प्रधानमन्त्रीको नेपालका प्रधानमन्त्रीसँग भेट

भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८१ चैत्र २२ गते बैंककमा भएको छैठौं बिमस्टेक शिखर सम्मेलनको साइडलाइनमा नेपालका सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओलीसँग भेट गर्नुभयो । उक्त भेटमा दुई नेताहरुले भारत र नेपालबीचको विशेष र घनिष्ठ सम्बन्धको समीक्षा गर्नुभयो ।

**थप पढ्नुहोस्**




## भारत सरकारका माननीय ऊर्जा तथा आवास तथा शहरी मामिला मन्त्री श्री मनोहर लालको नेपाल भ्रमण (२०८२ वैशाख ९–१०)

भारतका माननीय ऊर्जा तथा आवास तथा शहरी मामिला मन्त्री श्री मनोहर लालले मिति २०८२ वैशाख ९–१० गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । यो भ्रमणको उद्देश्य पारस्परिक हितका प्रमुख विद्युत क्षेत्र परियोजनाहरुबारे छलफल गर्नु र भारत र नेपालबीच द्विपक्षीय सहकार्यलाई सुदृढ पार्नु थियो, साथै भ्रमणकै दौरान पावर ग्रिड कर्पोरेशन अफ इन्डिया लिमिटेड र नेपाल विद्युत प्राधिकरणबीच दुई ४०० केभी कोरिडोरका लागि समझदारी पत्रमा हस्ताक्षर पनि भएको थियो ।

**थप पढ्नुहोस्**




## माननीय ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानको नेपाल भ्रमण (२०८१ चैत्र २६–२८)

भारतका माननीय ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले मिति २०८१ चैत्र २७ गते काठमाडौंमा आयोजना गरिएको कृषि सम्बन्धी तेस्रो बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) मन्त्रीस्तरीय बैठक (तेस्रो बिएएमएम) मा सहभागीता जनाउनका लागि मिति २०८१ चैत्र २६–२८ गतेसम्म नेपालको भ्रमण गर्नुभयो ।


**थप पढ्नुहोस्**



## कञ्चनजङ्घा हिमालमा भारत–नेपालको संयुक्त आरोहण

भारतीय र नेपाली सेनाको संयुक्त सहभागीतामा हुने कञ्चनजङ्घा हिमाल आरोहणलाई भारतका माननीय रक्षामन्त्री श्री राजनाथ सिंहले मिति २०८१ चैत्र २१ गते शुभारम्भ गर्नुभयो । उक्त कार्यक्रममा नेपाली सेनाका सैनिक तालिम महानिर्देशनालयका महानिर्देशक उपरथी ध्रुव प्रकाश शाह उपस्थित हुनुहुन्थ्यो । यस भारत–नेपाल संयुक्त हिमाल आरोहणको उद्देश्य कञ्चनजङ्घा हिमालको आरोहण गर्ने रहेको छ जसमा भारतीय सेनाका तर्फबाट १२ र नेपाली सेनाका तर्फबाट ६ जना पर्वतारोही सहभागी हुनेछन् ।

**थप पढ्नुहोस्**



## न्यायिक सहकार्यको क्षेत्रमा समझदारी पत्र

भारतका माननीय मुख्य न्यायाधीश न्यायमूर्ति सन्जीव खन्ना, नेपालका सम्माननीय प्रधान न्यायाधीश प्रकाश मानसिंह राउत र भारत सरकारका माननीय राज्यमन्त्री, विधि एवम् न्याय मन्त्रालय (स्वतन्त्र प्रभार) श्री अर्जुन राम मेघवालको उपस्थितिमा मिति २०८१ चैत्र २५ गते भारतको सर्वोच्च न्यायालय र नेपालको सर्वोच्च अदालतबीच न्यायिक सहकार्य सम्बन्धी एक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भयो ।

**थप पढ्नुहोस्**




## भारत र नेपालबीच भन्सार सहकार्यमा महानिर्देशक स्तरीय वार्ता

भारत र नेपालबीच भन्सार सहकार्य सम्बन्धी २१ औं महानिर्देशक स्तरीय वार्ता मिति २०८१ चैत्र २८–२९ गतेसम्म काठमाडौंमा सम्पन्न भएको थियो । वार्ताको उद्देश्य सीमापार व्यापारलाई सहज बनाउन द्विपक्षीय सहकार्यलाई सुदृढ पार्नुका साथै तस्करी रोक्नु र प्रतिवाद गर्नु थियो ।

**थप पढ्नुहोस्**




## भारत र नेपालका लागु औषध नियन्त्रण अधिकारीहरुबीच दोस्रो द्विपक्षीय वार्ता

भारत र नेपालका लागु औषध नियन्त्रण अधिकारीहरुबीच मिति २०८२ वैशाख १६ गते “Drug Demand Reduction and Prevention of Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicals and Related Matters” विषयमा दोस्रो द्विपक्षीय वार्ता काठमाडौंमा सफलतापूर्वक सम्पन्न भयो ।

**थप पढ्नुहोस्**



## सुदूरपश्चिमका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहको नेतृत्वमा प्रतिनिधिमण्डलको भारत भ्रमण (२०८२ वैशाख १६–२२)

सुदूरपश्चिमका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले मिति २०८२ वैशाख १६–२२ गतेसम्म भारतको औपचारिक भ्रमण गरेको थियो । कार्यक्रमको एक हिस्साको रुपमा प्रतिनिधिमण्डलले भारतका उत्तराखण्ड र उत्तर प्रदेश राज्यहरुको पनि भ्रमण गरेको थियो जसले छिमेकी नेपालको सुदूरपश्चिम प्रदेशसँग घनिष्ठ सांस्कृतिक र आर्थिक सम्बन्ध साझा गर्दछन् ।

**थप पढ्नुहोस्**

# विकास साझेदारी



## शिक्षा, स्वास्थ्य र संस्कृति क्षेत्रमा १० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाका समझदारीपत्रको हस्ताक्षर समारोह

काठमाडौंस्थित भारतीय राजदूतावास, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका परियोजना कार्यान्वयन निकायहरुले मिति २०८१ चैत्र १९ गते गते शिक्षा, स्वास्थ्य र संस्कृति क्षेत्रमा कूल नेरु.६२.५ करोड भारत सरकारको अनुदान सहयोगमा अघि बढाइने १० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाका लागि समझदारी पत्रहरुमा हस्ताक्षर गरे ।

**थप पढ्नुहोस्**



## सेतो मच्छिन्द्रनाथ देवतालाई नयाँ र सुन्दर ढङ्गले बनाइएको ‘चाँदीको आसन’ मा स्थानान्तरण

मिति २०८१ चैत्र २८ गते सेतो मच्छिन्द्रनाथ देवतालाई नयाँ र सुन्दर ढंगले बनाइएको ‘चाँदीको आसन’ मा शुभ स्थानान्तरण गरिएको कार्यक्रममा भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव (विकास साझेदारी) ले उपस्थिति जनाउनुभयो । २०७२ सालको भूकम्पपछि भारत सरकारले गरिरहेको सेतो मच्छिन्द्रनाथ मन्दिरको पुनर्निर्माण प्रयासको एक हिस्साको रुपमा नयाँ आसनको लागि सहयोग प्रदान गरिएको थियो ।

**थप पढ्नुहोस्**



## नेपालको मोरङ जिल्लाको सुन्दरहरैंचा नगरपालिकामा श्री पञ्चायत माध्यमिक विद्यालय भवनको निर्माणको शिलान्यास

भारत र नेपालका प्रतिनिधिहरुले मोरङको सुन्दरहरैंचा नगरपालिकास्थित श्री पञ्चायत माध्यमिक विद्यालय भवन निर्माणको शिलान्यास मिति २०८२ वैशाख ५ गते संयुक्त रुपमा गरेका थिए । यो परियोजना भारत सरकारको आर्थिक सहयोगमा ‘नेपाल–भारत विकास सहकार्य’ अन्तर्गत नेरु.२.८१ करोड लागतमा निर्माण भइरहेको छ ।

**थप पढ्नुहोस्**



## भारत सरकारद्वारा सिकलसेल र थालासेमिया खोप हस्तान्तरण गर्दै नेपाललाई स्वास्थ्य सेवा सहयोग प्रदान

नेपाली जनताको स्वास्थ्य र कल्याणलाई सहयोग गर्ने आफ्नो निरन्तर प्रतिबद्धता प्रस्तुत गर्दै नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८२ वैशाख १२ गते नेपाल सरकारका माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री प्रदीप पौडेललाई सिकलसेल र थालासेमिया रोग विरुद्धको खोपको पहिलो खेप हस्तान्तरण गर्नुभयो ।

**थप पढ्नुहोस्**

# वाणिज्य तथा अर्थतन्त्र



## स्टार्ट अप महाकुम्भमा नेपाल पभेलियन

नयाँ दिल्लीस्थित विदेश मन्त्रालयका अतिरिक्त सचिव (उत्तर) र भारतका लागि नेपाली राजदूतले मिति २०८१ चैत्र २१ गते स्टार्टअप महाकुम्भमा नेपाल पभेलियनको उद्घाटन गर्नुभयो । अन्तरिक्ष, आईटी, एआई जलवायु प्रविधि, एडटेकदेखि कृषि प्रशोधनसम्मका क्षेत्रका १९ नेपाली स्टार्टअपहरुले पभेलियनमा आफ्ना उत्पादनहरु प्रदर्शन गरे । ३ दिने कार्यक्रममा भाग लिन काठमाडौंस्थित भारतीय राजदूतावासले नेपालका १० युवा स्टार्टअप संस्थापकहरुलाई सहयोग गरेको थियो ।

थप पढ्नुहोस्

# सांस्कृतिक र जनता–जनताबीचको संलग्नता



## नेपालका विभिन्न शैक्षिक संस्थाहरुमा आएका नयाँ विद्यार्थीहरुका लागि स्वागत समारोह

काठमाडौंस्थित भारतीय राजदूतावासले नेपालका मेडिकल कलेजहरु लगायत विभिन्न शैक्षिक संस्थाहरुमा आएका नयाँ भारतीय विद्यार्थीहरुको लागि मिति २०८१ चैत्र २३ गते एक स्वागत समारोहको आयोजना गर्यो । उक्त कार्यक्रममा भारतीय डायस्पोराका युवा महिला सदस्यहरुलाई पनि आमन्त्रित गरिएको थियो ।

थप पढ्नुहोस्



## प्रतिष्ठित पशुपतिनाथ मन्दिर परिसरमा योग सत्र कार्यक्रम

११ औं अन्तर्राष्ट्रिय योग दिवस आउन ७५ दिन अघावै काठमाडौंस्थित भारतीय राजदूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले पशुपति क्षेत्र विकास कोषसँगको साझेदारीमा मिति २०८१ चैत्र २५ गते प्रतिष्ठित पशुपतिनाथ मन्दिर परिसरमा योग सत्रको आयोजना गर्यो । उक्त कार्यक्रममा योगमा अभिरुचि राख्नेहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

थप पढ्नुहोस्




## स्टार्टअप महाकुम्भ २०२५ मा सहभागीता जनाएका नेपाली स्टार्टअपहरुका लागि प्रतिक्रिया सत्र

काठमाडौंस्थित भारतीय राजदूतावासले स्टार्टअप महाकुम्भ २०२५ मा सहभागीता जनाएका नेपाली स्टार्टअपहरु र नेपालका प्रमुख स्टार्टअप इकोसिस्टम सहभागीहरुका लागि मिति २०८२ वैशाख १६ गते एक प्रतिक्रिया सत्रको आयोजना गर्यो ।

**थप पढ्नुहोस्**


# भारतमा भएका विकासहरू




## वर्ल्ड अडियो भिजुअल एण्ड इन्टरटेनमेन्ट समिट (वेभ्स) (मिति २०८२ वैशाख १८–२१)

मिति २०८२ वैशाख १८–२१ गतेसम्म भारत सरकारले मुम्बईमा पहिलो वेभ्स शिखर सम्मेलन आयोजना गरेको थियो । उक्त शिखर सम्मेलनमा नेपालबाट सरकारी, मिडिया, चलचित्र, सोसल मिडिया इन्फ्ल्युएन्सर्स, र एनिमेसन उद्योगका गरी १९ जना वरिष्ठ प्रतिनिधिहरुले सहभागीता जनाएका थिए ।

**थप पढ्नुहोस्**



## युनेस्कोको मेमोरी अफ द वर्ल्ड रजिस्टरमा गीता र नाट्यशास्त्रको समावेश

श्रीमद्भागवद् गीता र भरत मुनिको नाट्यशास्त्र अब युनेस्कोको मेमोरी अफ द वर्ल्ड रजिस्टरमा अंकित भएका छन् । यो विश्वव्यापी सम्मानले भारतको कालातीत ज्ञान र कलात्मक प्रतिभाको उत्सव मनाउँछ । यससँगै युनेस्कोको अन्तर्राष्ट्रिय रजिस्टरमा भारतको अब १४ वटा शिलालेखहरु रहेका छन् ।

**थप पढ्नुहोस्**




## भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आइसीसीआर) को ७५ औं वार्षिकोत्सव

आइसीसीआरले २०८१ चैत्र २७ गते संस्कृतिलाई जोड्ने, कलात्मक आदानप्रदानलाई बढावा दिने र विश्वव्यापी रुपमा मानिसहरुलाई जोड्ने कार्यको ७५ वर्ष मनायो । कार्यक्रममा भारतका माननीय विदेशमन्त्री डा. एस. जयशंकर प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो ।

**थप पढ्नुहोस्**

# चाँडै आउँदैछ

## ११ औं अन्तर्राष्ट्रिय योग दिवस




मिति २०८२ आषाढ ७ गते ११ औं अन्तर्राष्ट्रिय योग दिवस २०२५ विश्वव्यापी रुपमा मनाईंदैछ । अन्तर्राष्ट्रिय योग दिवस २०२५ को विषयवस्तु 'एक पृथ्वी एक स्वास्थ्यको लागि योग' रहेको छ ।

**थप पढ्नुहोस्**